मिति २०७७ कार्तिक ०४ गतेको गोरखापत्रमा प्रकाशित सूचना।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# मसलाबाली विकास केन्द्र
बागमती प्रदेश, नेपाल
**पाँचखाल, काभ्रे**

## वीउआलु श्रोत केन्द्र स्थापना कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०७/०४

मसलाबाली विकास केन्द्र, पाँचखाल, काभ्रेपलान्चोक को आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वीउआलु श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यविधिहरुको अधिनमा रहि साझेदारीमा तपसिल अनुसारको कार्यहरु सञ्चालन गर्न ईच्छुक रामेछाप र दोलखा जिल्लाका कृषक समूह, कृषि सहकारी, कृषि फार्म र निजि कृषि कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र कार्यालय समयमा यस केन्द्रमा वा कृषि ज्ञान केन्द्र, रामेछाप (कार्यक्षेत्र रामेछाप र दोलखा) मा तोकिए बमोजिमका कागजात निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ। साथै आवेदकहरु सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेमा प्रमाणित कागजातहरु स्क्यान गरि कार्यालयको ईमेल scdcpanchkhal@gmail.com मार्फत तोकिएको मिति भित्र प्रस्ताव पेश गर्न सकिने छ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | ईकाइ | परिमाण | कूल स्वीकृत वजेट | लागत साझेदारी |
|---|---|---|---|---|---|
| १ | आलु भण्डारको लागि रष्टिक हाउस निर्माण कार्य | संख्या | ३(तीन) | ९० लाख (३ वटाको लागि) | स्वीकृत वार्षिक विनियोजित वजेटको अधिनमा रहि कूल खर्चको ५०% वा वढीमा कार्यक्रममा विनियोजित रकम मध्ये जुन कम हुन्छ सो रकम। |
| २ | आलुको पूर्व मूल बीउ उत्पादनको लागि स्किन हाउस निर्माण कार्य | संख्या | २(दुई) | ४० लाख (२ वटाको लागि) | |
| ३ | मेशिनरी सहितको आलु प्रशोधन उद्योग स्थापना कार्य | संख्या | २(दुई) | ५० लाख (२ वटाको लागि) | |
| ४ | मेशिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण कार्य | संख्या | १(एक) | ५० लाख (१ वटाको लागि) | |

आवश्यक कागजातहरु

१. रु.१०।-को हुलाक टिकट सहित कार्यविधिमा तोकिए अनुसार निवेदन, प्रस्ताव, प्रतिवद्धतापत्र, प्राविधिकबाट तयार गरिएको नक्सा र लागत इष्टिमेट, जग्गाको स्वामित्व खुल्ने कागजात।
२. आधिकारिक निकायमा संस्था दर्ताप्रमाण पत्र, स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिको एक एक प्रति।
३. साझेदार संस्थाको कार्य समितिको निर्णयको प्रतिलिपि।
४. साझेदार संस्थाले जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र तथा निजको नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

पुनश्चः वीउआलु श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यविधिहरु भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको वेबसाईट http://molmac.bagamati.gov.np/ र कृषि विकास निर्देशनालय, हेटौंडाको वेबसाईट http://www.doad.bagamati.gov.np/ बाट प्राप्त गर्न सकिनेछ। बिस्तृत जानकारीको लागि कार्यालय समय भित्र ०११-४९९०५५ वा ईमेल ठेगाना scdcpanchkhal@gmail.com वा http://hdcpanchkhal.bagamati.gov.np/ मार्फत सम्पर्क गर्न सकिने छ।

२०७७/०७/०४
युवराज पाण्डे
(वरिष्ठ बागवानी विकास अधिकृत)